# अध्याय दश

## निष्कर्ष

### १०.१ राजनीतिमा लाग्ने प्रेरणा

मानिस विविध कारणले राजनीतिमा होमिएको हुन्छ । कोही साथी सङ्गीको सङ्गतले राजनीतिमा लागेका हुन्छन् त कोही पारिवारिक वातावरणले, कोही सामाजिक चेतनाले त कोही अन्य कारणले । अमेरिका बृटिश उपनिवेशका कारणले अब्राहम् लिङ्कन राजनीतिमा होमिए । लामो समयसम्म विदेशी उपनिवेशमा परेको भारत अन्तिम समयमा बृटिश उपनिवेशको अधिनमा रह्यो । बृटिश उपनिवेशबाट मुक्त हुने क्रममा भारतीय भूमिमा उदाएको राजनीतिले महात्मा गान्धी, जवाहरलाल नेहरू, जयप्रकाश नारायण, सुवास चन्द्र बोसजस्ता व्यक्तिहरूलाई राजनीतिमा लाग्ने प्रेरणा मिल्यो । पहिलो विश्व युद्ध र विश्व मजदुर आन्दोलनको धरातलले सोभियत संघलाई जन्म दियो र रुसमा लेनिनको उदय भयो । पहिलो विश्वयुद्धदेखि दोस्रो विश्वयुद्ध बीचमा बिजेता शक्तिले पराजित शक्तिमाथि अनुचित शोषण र दमन गर्ने पूँजीवादको विकाससँगै सामन्ती जगमा उभिएका कमजोर मुलुकहरू र जनतामाथि अन्यायको पिसाई किसानहरूमाथि परेको अवस्थाको जटिलताले चीनलगायत एसिया, अफ्रिका र ल्याटिन अमेरिकी मुलुकहरूमा साम्यवादी विचारको प्रभाव देखियो र माओ, हो ची मिन्ह, किम सुङजस्ता व्यक्तित्वहरूको उदय भयो । माथि उल्लेखित व्यक्तिहरूको राजनीतिमा उदय हुनुमा आ-आफ्नै र फरकफरक कारणहरू छन् जुन कुरा नेपाली राजनीति र राजनेताको उदयसँग मेल खाँदैन ।

विश्व राजनीतिको परिवेशबाट नेपाल पनि अलग थिएन । राणाशासनको समयमा खडा गरिएको राजनीतिक परिवेशले मानिसको चेतनालाई रोक्ने प्रयास गरेको त थियो तर विश्व परिवेशले देशबासीलाई सचेत र जागरुक बनाउँदै लगेको थियो । विश्व राजनीतिभित्र पनि विशेष गरी छिमेकी देश भारत र चीनको प्रभाव नेपालमा परिरेहेको थियो । राणा शासनकालमा अस्थिर जीविकोपार्जनमा रुमलिदै जाँदा रामचन्द्र अधिकारीको परिवार यताउता भौतारिदै हिड्नु पर्दाको परिणाम स्वरुप राणाशासन विरोधी राजनीतिमा क्रमशः तानिन थालेको थियो । फलतः सोही परिवारका मनमोहन अधिकारी राजनीतिमा आकर्षित हुन थालेका थिए । भारतीय स्वतन्त्रता आन्दोलन सफल भएमा नेपालमा राणा विरोधी आन्दोलनले विजय पाउने छ भन्ने राजनीतिक विश्वासले थुप्रै नेपालीहरू भारतीय स्वतन्त्रता सङ्ग्रामलाई सहयोग गर्नतिर लागेका थिए । त्यही परिवेशमा अध्ययनका क्रममा भारत पुगेका मनमोहन अधिकारी त्यहाँको स्वतन्तता सङ्ग्राममा लागेर जेलसमेत परेका थिए । जेलभित्र रहेका नेताहरूसँगको सम्पर्क र उनीहरूले दिएको राजनीतिक प्रशिक्षणले उनको राजनीतिक यात्रालाई अझ दृढ बनाउँदै लग्यो । त्यस बेला भारतीय

स्वतन्त्रता सङ्ग्रामलाई सर्मथन गर्ने नेपालीहरू साम्यवादी विचारबाट प्रभावित थिएनन् । मनमोहन अधिकारीमात्र त्यस्ता व्यक्ति थिए जो साम्यवादी विचारबाट प्रभावित हुन पुगेका थिए । त्यसरी धेरै सङ्ख्या भन्दा पृथक प्रभावमा पर्नुको अर्थ हुन्छ सङ्गत । मनमोहन अधिकारी भारतीय स्वतन्त्रता सङ्ग्राममा लाग्दा नै त्यहाँको कम्युनिस्ट पार्टीका नेताहरूको सङ्गतमा परे, जसको कारण उनी साम्यवादी विचारतिर आकर्षित भए ।

## १०.२ नेपाली राजनीतिमा क्रियशीलता

भारतीय जेलबाट छुटे पनि करिव पाचवर्ष त्यहाँको कम्युनिस्ट पार्टीको मातहतमा रही विभिन्न क्षेत्रमा रहेर काम गरेका थिए । जब उनी नेपाल आए त्यसपछि राणाशासन विरोधी आन्दोलनमा लागेका थिए । त्यसमा पनि मजदुर आन्दोलन उनको क्षेत्र थियो । मजदुर मुक्ति, स्वतन्त्रताको सवाल र रुसी तथा चिनियाँ क्रान्तिको प्रचार र प्रभावले उनको चेतनालाई अझ प्रगाढ बनायो र उनी कम्युनिस्ट नेताको रूपमा स्थापित हुँदै गए । नेपालको राणा विरोधी आन्दोलनहरू जस्तै विराटनगरको मजदुर आन्दोलन, राजापुरको किसान अन्दोलनहरू र तिनिहरूमाथिको सरकारी दमनले उनको आस्था र राजनीतिक विश्वासलाई अझ प्रगाढ बनाउँदै लगेको थियो । ती घटनाहरू यस्ता थिए, जसले मनमोहन अधिकारीलाई साम्यवादी राजनीतितर्फ डोऱ्याउँदै लानमा बल पुऱ्याए । फलतः मजदुर आन्दोलनमा नेतृत्व गरेकै कारण नेपालको जेलमा थुनिन पुगेका थिए ।

राणाशासनको अन्त्यका लागि चलेको आन्दोलनको अन्तिम अवस्थामा जेलबाट छुटेका मनमोहन अधिकारी कम्युनिस्ट पार्टी स्थापना हुँदा संस्थापक हुने अवसर पाएनन् । वि.सं.२००६ सालको सुरुमा स्थापित कम्युनिस्ट पार्टी र मनमोहन अधिकारीको जेलबाट हुने रिहाई झण्डै ३ महिनाको फरक रहेको थियो । तथापि वि.सं.२००६ साल भाद्र महिनामा भएको पार्टीको पुनर्गठनपछि मनमोहन अधिकारी केन्द्रीय समिति पोलिव्युरो हुँदै पार्टीको निर्णायक तहको नेताका रुपमा स्थापित भएका थिए । पार्टी स्थापनाको झण्डै ३ वर्षपछि उनी पार्टीको महासचिव जस्तो सर्वोच्च पदमा पुगेका थिए ।

पार्टीको महाधिवेशन हुनुभन्दा अगाडि नै पोलिटव्युरोको बहुमत सदस्यले पुष्पलाललाई महासचिवबाट हटाएर मनमोहन अधिकारीलाई उक्त पदमा ल्याएका थिए । उनको महासाचिव पद प्राप्ती विषयमा विभिन्न कोणबाट टीकाटिप्पणीहरू हुने गरेको पाइन्छ । त्यसरी गरिएका टिप्पणी सकारात्मक र नकारात्मक दुवै खालका रहेका छन् । तथापि तिनीहरू कसैले पनि आआफ्नो तर्कको ठोस प्रमाण दिन सकेको भने पाइदैन । त्यस्ता दुवै खाले टिप्पणीहरूको अध्ययनबाट के भन्न सकिन्छ भने त्यसबेला राष्ट्रकै राजनीति परिपक्व नबनेको, सङ्क्रमणकालको समय, विभिन्न

स्वार्थले काम गारिरहेको अवस्था, पाटी भित्रै पनि स्पष्ट नीति र विधिविधान स्थापित भइ नसकेको अवस्था, नेता र नेतृत्वमा परिपक्वताको अभाव, पार्टीभित्र क्रमश प्रतिस्पर्धात्मक राजनीतिको विकास हुनु जस्ता कुरा मौजुदा रहेको स्थितिसमेतको उपज उनी पार्टीको महाधिवेशन पहिले नै महासिचव बन्न पुगेको देखिन्छ । हुनत उनका आलोचकहरूले कम्युनिस्ट पार्टीभित्र छिरेका सामन्ती तत्वका कारण उनी महासचिव बने भन्ने भनाइलाई स्वीकार गर्दा पनि कम्युनिस्ट पार्टीभित्र सामन्ती तत्व प्रवेश गर्न दिने तत्कालीन नेतृत्व पनि कम जिम्मेवार छैन भन्ने तर्क पनि कम वजनादार हुँदैन । त्यसैले उनी महासचिव पदमा स्थापित हुनुमा उनको अवसरवादी चरित्र थियो भनेर आरोपमात्र लगाउन सकिने अवस्था भने देखिदैन ।

नेकपाको प्रथम महाधिवेशनपछि उनी पहिलो निर्वाचित महासचिव भएका थिए । महासचिव भएपछि उनको कार्यकालमा लगभग ५ वर्ष अधिदेखि पार्टीमाथि लागेको प्रतिबन्ध हटाउने काम सरकारले गरेको थियो । उक्त प्रतिबन्ध हटाउन नेपाल सरकार र नेकपा बीच भएको सम्झौताले नेकपालाई गणतन्त्रवादी कित्ताबाट विमुख गराई संवैधानिक राजतन्त्रवादी बनाएको आरोप उनीमाथि लाग्यो । कागजका अक्षर र सार वस्तुलाई हेर्दा उक्त आरोपलाई अस्वभाविक मान्न सकिदैन किनकी लगतै बसेको पार्टी केन्द्रीय समितिको बैठकले पोलीटव्युरो बैठकको निर्णय खारेज गरिदिएको थियो । पोलिटव्युरोको बैठकले राजसंस्थाको वैधानिकतालाई स्वीकार गरेको थियो । एउटा जीवन्त पार्टीले कुनै पनि कुरामा निर्णय गर्दा अपनाउनु पर्ने विधि एवम् प्रक्रिया पुऱ्याएर निर्णय भएको थियो । त्यसमा पोलिटब्युरोका सदस्यहरूलाई त्यसै छाडेर उनीमात्र दोषी हुन् भनेर आरोपित गर्न पूर्णरुपमा नसकिए पनि उनी आफ्नो कमजोरीबाट मुक्त हुने अवस्था चाहि देखिदैन ।

## १०.३ राजनीतिका उकाली ओराली

नेकपाको महासचिव रहेकै अवस्थामा मनमोहन अधिकारी स्वास्थ्य उपचार गर्न चीन गएपछि केशरजंग रायमाझी पार्टी नेतृत्वमा पुगेका थिए । केशरजंग रायमाझिको क्रियाकलाप विगतदेखि चल्दै आएको "राजतन्त्रवादी र गणतन्त्रवादी" बीचको द्वन्द्व झनै चरम सिमामा पुग्यो । निर्वाचित महासचिव स्वास्थ्य उपचारका क्रममा लामो समयको चीन बसाइले पार्टीको अवस्था क्रमश विवादित बन्दै गएको थियो । हुन त देशकै समग्र राजनीतिमा राजतन्त्र शक्तिशाली र सक्रिय बन्दै गएको थियो । अन्ततः त्यसको प्रतिछायाँ पहिलो पल्ट वि.सं.२००७ सालमा शाही घोषणामा नै उल्लेख भएको संविधानसभाको निर्वाचनमाथि पऱ्यो । संविधानसभालाई संसदको निर्वाचनमा बदल्ने राजा महेन्द्रको निर्णयलाई चुनौति दिन कुनै पनि राजनीतिक दल सक्षम देखिएनन् । आखिर राजा नै बलिया देखिए र वि.सं.२०१५ सालको नेपाल अधिराज्यको

संविधानलाई टेकेर वि.सं.२०१७ साल पुस १ गते सबै राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाउँदै सक्रिय राजतन्त्रको अवधारणमा चल्ने पञ्चायती व्यवस्थाको थालनी गरियो । मनमोहन अधिकारी पनि उक्त व्यवस्थाको दमनको शिकार बनेर लामो समयसम्म जेलमा रहेका थिए ।

चीनमा स्वास्थ्य उपचार गरी नेपाल फर्किदा मनमोहन अधिकारीसँग पार्टीको दर्जा साधारण सदस्य बाहेक केही थिएन । पहिले नेतृत्वमा पुगिसिकेका कारण परिचय दिइरहनु पर्ने अवस्थामा पनि उनी थिएनन् । तथापि नेपालको राजनीतिमा नेताको रूपमा परिचय बनाएकै कारण उनले पक्राउ पर्नु परेको र जेल जीवन व्यथीत गर्नु परेको थियो । उनी जेलमा रहेको अवस्थामा नेकपाले विभिन्न आन्तरिक द्वन्दको समेत सामना गर्दै रहनु परेको थियो । तत्कालीन पार्टी महासचिव केशरजंग रायमाझी पार्टीको मूलधार छाडेर शाही कदमलाई समर्थन गर्न पुगेपछि पार्टी आन्तरिक विवादमा फस्न पुग्यो । केशरजंग रायमाझीबाट पार्टी चल्न नसक्ने ठहरपछि दरभङ्गा प्लेनम भएको थियो । फलतः उनलाई छाडेर गरिएको पार्टीको तेस्रो महाधिवेशनले तुलसीलाल अमात्यलाई नेतृत्वमा ल्याएको भए तापनि पार्टी लगभग विसर्जनको अवस्थामा पुगेको थियो । पार्टीको त्यस्तो अवस्थाप्रति जेलमा रहेका मनमोहन अधिकारीले कुनै निर्णायक भूमिका खेल्न पाएनन् । पार्टीको आन्तरिक जीवनमा आइपरेको सङ्कटका घडीमा उनको भौतिक उपस्थिति त हुन पाएन तर जेलभित्रैबाट उनले दिएका सुझाव र सल्लाहलाई समेत जेल बाहिर रहेका नेताहरूले गम्भीर रुपमा लिएको देखिदैन ।

नेपाली कांग्रेसका नेता सुर्वणशमशेरले आफ्ना नेताहरूको रिहाई गराउने र पछिल्लो कदम चाल्ने योजनाका साथ राजालाई सभक्ति सहयोग गर्ने वक्तव्य जारी गरेपछि नेकाका नेताहरू धमाधम रिहाई हुन थाले । जेलमा रहेका साम्यवादी नेताहरू मनमोहन अधिकारी, निर्मल लामा शंभुराम श्रेष्ठ, मोहन बिक्रम सिंहलगायतका नेताहरूले वक्तव्य दिएर जेल बाहिर आउने सल्लाह गरी वक्तव्य दिने तयारीमा बसेका थिए । त्यो परिस्थितिमा फेरबदल आउने भएमा जेलमा सडेर बस्नुभन्दा कुनै पनि उपायद्वार जेल बाहिर निस्कने र सक्रिय राजनीतिक जीवनमा आउने उनीहरूले गरेको परामर्शलाई अनुचित मान्न सकिदैन । जेलमा सडेर बस्नु या भारतमा चुपचाप निर्वासित जीवन बिताउनुमा कुनै तात्विक भिन्नता थिएन । जेल फोडेर बाहिर आई राजनीति गर्न सक्ने क्षमता नभएको अवस्थामा जेलबाट बाहिर आउन उपाय रच्नु समसामायिक नै मान्न सकिन्छ । यही सन्दर्भमा मनमोहन अधिकारी र शंभुराम श्रेष्ठले पञ्चायती व्यवस्थाप्रति सकारात्मक धारणा जनाउने र राजालाई सहयोग गर्ने आशयको वक्तव्य दिएका थिए । उनीहरूको वक्तव्य बाहिर आएपछि त्यसलाई फरक ढङ्गले व्याख्या गर्ने काम भयो । जेलभित्र बसेर परामर्श र सल्लाह गर्ने सबै नेताहरूले वक्तव्यमा सही छाप गरेनन् । मोहन बिक्रम सिंह र निर्मल लामा वक्तव्यमा हस्ताक्षर नगरेकाले आरोपित हुनबाट भने बचेका थिए । तर केही समयको

अन्तरालपछि जेलबाट रिहाइ हुनेमा उनीहरू पनि लाइनमा बसे । त्यसरी वक्तव्य जारी गर्दा विचार नपुऱ्याउनु मनमोहन अधिकारीको भुल त अवश्य थियो तर मोहन बिक्रम सिंह र निर्मल लामाको अवसरवादी चरित्र पनि त्यसका लागि कम जिम्मेवार मान्न सकिदैन । यदि मनमोहन अधिकारी र शंभुराम श्रेष्ठमात्र त्यस घटनामा राजावादी हुन्थे वा भनिन्थे भने पछि मनमोहन अधिकारीकै सल्लाहमा न्युक्लियस गठन गर्न किन मोहन विक्रम सिंह र निर्मल लामा सहमत भए त भन्ने प्रश्न उठ्छ । यसको उत्तर खोज्दा उक्त वक्तव्यमा सहमति जनाउनेमा मोहन बिक्रम सिंह र निर्मल लामा पनि थिए । त्यसैले उनीहरूले पछिल्ला दिनमा दर्शन र सिद्धान्तको कुरा नगरी न्युक्लियस गठन गर्दा मनमोहन अधिकारीको उपस्थितिलाई सहजै स्वीकारमात्र गरेन कि उनलाई नेता मान्दै जिम्मेवारी स्थानमा पुऱ्याएका थिए । त्यसर्थ उक्त वक्तव्यप्रति मनमोहन अधिकारीलाईमात्र जिम्मेवार ठहऱ्याई आरोपित गर्नु पनि न्यायोचित देखिदैन । तथापि जेलमा सँगै बसेका आफ्ना सहकर्मीहरूको चरित्रलाई बुझ्न नसक्नु भने मनमोहन अधिकारीको भुल थियो । परिस्थिति र वास्तविकताको अध्ययन गर्न र निचोड निकाल्न नसक्नु उनको कमजोरी थियो ।

जेलबाट रिहाई भएपछि मनमोहन अधिकारी मोहन बिक्रम सिंह, निर्मल लामा, जयगोविन्द शाहलगायतका नेताको सक्रियतामा केन्द्रीय न्युक्लियसको गठन भएको थियो । केन्द्रीय न्युक्लियसमा “पूर्व कोशी प्रान्तीय कमिटी” को नामबाट परिचित भरतमोहन अधिकारी, कमल कोइरालालगायतका नेताहरू पनि एउटै पार्टी केन्द्र बनाउने भन्दै केन्द्रीय न्युक्लियसमा सामेल भएका थिए । तर न्युक्लियस आफ्नो उद्देश्यअनुसार काम गर्न असफल भएपछि भारतीय नक्सलवादी आन्दोलनको प्रभावमा परेर झापाली युवा कम्युनिस्टहरूले सशस्त्र विद्रोहको सुरुवात गरेका थिए । मनमोहन अधिकारीले उनीहरूले सुरु गर्न लागेको उक्त विद्रोहलाई रोक्न निकै प्रयास गरे तर सकेनन् । वैचारिक स्पष्ट दृष्टिकोण, उर्जाशील क्षमता, साङ्गठनिक विधि र कार्य इच्छाशक्तिको अभावमा कुनै पनि विद्रोहलाई गलत दिशाबाट सही दिशामा रुपान्तरण गर्न सकिदैनथ्यो । तर  एकतिर विद्रोह गर्न तयार हरेका युवा अवस्थाको जोश र अर्कातिर स्वयम् मनमोहन अधिकारीसँग भावी कार्यनीति र रणनीति बारेमा कुनै स्पष्ट दृष्टिकोण नरहेका कारण उनको प्रयत्न खेरा गएको देखिन्छ । झापा विद्रोहमाथि सरकारी दमन तिव्र बन्दै जानथाल्यो । मनमोहन अधिकारी स्वयम् पनि गिरफ्तारिमा परे । केन्द्रीय न्युक्लियसमा रहेका मोहन बिक्रम सिंह, निर्मल लामालगायतका नेताले गरेको चौथो महाधिवेशनमा पूर्वकोशी प्रान्तीय कमिटीमा रहेका सबैजसो नेताहरू सामेल भएनन् । महाधिवेशनमा भएको अनुपस्थितिका कारण साङ्गठानिक सङ्लग्नता उनको त्यहाँ पनि भएन । उनी साङ्गठानिक जीवनमा कमजोर जस्तो देखिन थाले । तर पनि राजनीतिक अन्योलका बेला ठुलठुला क्रान्तिका कुरा गरे पनि समय आएपछि सबैले बुझ्ने छन् भन्नेमा विश्वस्त थिए ।

वि.सं.२०३५/३६ सालको विद्यार्थी आन्दोलनको परिणाम देशमा जनमत सङ्ग्रहको घोषणा भयो । "पञ्चायती व्यवस्थामा समसामयिक सुधार गर्ने कि बहुदलीय व्यवस्था" भनी गरिएको जनमत सङ्ग्रहमा मनमोहन अधिकारी बहुदलीय व्यवस्थाको पक्षमा लाग्दै देशव्यापी भ्रमणमा र प्रचारमा सक्रिय रहेका थिए । उनको त्यो अभियान निरन्तर चलिरहेको थियो । त्यसवेला संयुक्त वाम आन्दोलन उठाउन गरेका प्रयत्नहरू बहुदलीय व्यवस्थाको पक्षमा निरन्तर, क्रियशील, राजनीति र त्यसको अग्रता, जनमत सङग्रहमा धाँधली गरिने छ भन्ने कुराको पूर्वसजगता, जनमत सङ्ग्रहको परिणामलाई गरेको अस्विकार आदि जस्ता घटनाहरूमा मनमोहन अधिकारी दृढ देखिएका थिए । त्यो उनको राजनीतिक जीवनको निरन्तरता र निष्ठाको उपज थियो । उनका यी कुराहरूमा लिपीवद्ध ठोस वैचारिक सवाल प्रचारमा नआए पनि उनले त्यसबेला प्रर्दशन गरेका त्यस्ता राजनीतिक अडानहरू यथार्थपरक थिए भनी पछिल्ला दिनहरूले सावित गरेर देखाएका छन् ।

राजनीतिक जीवनमा नेकपाका संस्थापहरूसँग उनको निकटतम सम्बन्ध कतै भएको देखिदैन केन्द्रीय न्युक्लियसमा निरन्तरता नपाउँदा नरवहादुर कर्माचार्य, नारायण विलास जोशी, निरञ्जन गोविन्द वैद्यलगायतका नेताहरू मनमोहन अधिकारी नेतृत्वमा क्रियाशील भएको देखिदैन । पुष्पलालसँग पनि उनको निकै मतभेदहरू मौजुदा रहेका थिए । ती मतभेदहरू वैचारिक विमतीभन्दा पनि वैयक्तिक आन्तरिक चिन्तनले उब्जाएका परिणाम थिए । को भन्दा को ठूलो र को वरिष्ठ भनिने सोच र चिन्तनले एकले अर्काको नेतृत्व स्विकार गर्न कठिन भएको देखिन्थ्यो । पुष्पलालले लामो समयसम्म वैचारिक वहस र छलफलमा विताए । उनी विचार र सिद्धान्तका धनी भएको कुरा कसैमा दुई मत रहदैन । तथापि उनले स्थापना गरेको नेकपा उनको निधनपछि नीति, विचार र सिद्धान्तको वहसलाई छाडेर नेतृत्वका लागि पानीविनाको माछो जस्तै छट्पटाउन थाल्यो । उनको नाम जोडिएको राजनीतिक सङ्गठन नीति र विचारभन्दा पनि नेतृत्वको खोजिमा रहेको अवस्थामा मनमोहन अधिकारीलाई नेता मान्दै पार्टी एकीकरण समेत हुन पुग्यो । त्यसले के देखाउछ भने पुष्पलालले कुनै समय मनमोहन अधिकारीलाई लगाएको "राजावादी" लगायतका आरोपहरू या गलत थिए या त पुष्पलालले आफ्नो उत्ताधिकारी निर्माण गर्न असफल भएका थिए । यी दुई कुराहरूमा जे कमजोरी भए तापनि पुष्पलालका कमजोरी प्रकट हुन्छन् र व्यक्तित्व र राजनीतिक यात्रामा मनमोहन अधिकारीको उचाई भने नघटेको प्रष्ट देखिन्छ ।

वि.सं.२०४६ सालको जनआन्दोलनका समयमा गठित "संयुक्त वाममोर्चा" को नेतृत्व गर्ने अवसर उनैले नेतृत्व गरेको पार्टीले पाएको थियो । तर उनी आफै भने नेतृत्वमा देखिएनन् । त्यसबेला केही नेताहरूले उनीमाथि बेलामौकामा राजनीतिक अडानमा स्थिर हुन नसकेको भन्ने आरोप लगाउँदै आएका कारण उनको भन्दा सहाना प्रधानको नेतृत्व स्वीकार्य भएको भन्ने पनि

पाइन्छ । तर पछिल्ला दिनमा पार्टीको सर्वोच्च पद अध्यक्षसँगै संसदीय दलको नेताका रुपमा उनलाई नै स्विकार गरियो । त्यसले के देखाउछ भने उनको व्यक्तित्व र राजनीतिक उचाई कम भएको भने मान्न सकिदैन । समयक्रमसँगै विद्रोहको बाटो समाएका युवा जमात राजनीतिको यर्थाथ धरातल बुझ्दै मनमोहन अधिकारी कै लाइनमा आइपुगेका थिए । त्यस्तो अवस्थामा आफ्नो आवश्यकता र औचित्यको पुष्टि हुँदाहुँदै पनि सेरमोनियल अध्यक्षका भएर बस्न तयार हुनु उनको कमजोरी मान्न सकिन्छ । हुनत उनको क्रान्तिकारी साम्यवादी गतिविधिभन्दा पृथक लोकतन्त्रवादी गतिविधिमा क्रियाशील रहेको, पञ्चायती शासनकालमा पनि भूमिगत जीवन नविताई सङ्गठन विस्तार गर्न सक्रिय भूमिका निर्वाह गर्न चुकेको जस्ता कारण साङ्गठनिक सम्बन्ध र कार्यकर्ता बीचमा उनी सवल र सङ्गठनकर्ताका रुपमा स्थापित हुन सकेनन् । तर पनि उनको राजनीतिक उचाई खुला राजनीतिमा चाहिने व्यक्तित्वको आवश्यकता अन्तर्राष्ट्रिय छवि र परिचय आदि कुराहरू तत्कालीन नेकपा (माले) र नेकपा (मार्क्सवादी) भित्र वा नेकपा एमालेको गठन भएपछि उनीसँग बाहेक अरु कसैसँग देखिएन । त्यसैले उनको त्यो उचाईका कारण सर्वोच्च पदमा स्थापित हुन सकेका थिए । तर सङ्गठन गर्ने र साङ्गठानिक जीवनमा कमजोर भएको हुँदा पार्टीको आन्तरिक जीवनमा उनी शक्ति कम भएका नेताका रुपमा रहेको देखिन्छ ।

मदन भण्डारीले वि.सं.२०४९ सालको नेकपा एमालेको पाँचौ महाधिवेशन सकिने वित्तिकैदेखि नेकाले पाँच वर्ष शासन चलाउन सक्दैन । त्यसैले अब सरकार चलाउने पालो एमालेको काँधमा आउन सक्छ भनेर भविष्यवाणी गर्दै त्यसको तयारीमा लाग्दै गर्दाको अवस्थामा उनी दुर्घटनामा परेका थिए । दास ढुङ्गा दुर्घटनापछि झण्डै डेढ वर्षको दौडानमा नेपाली कांग्रेसले संसदलाई पूर्ण जीवन दिनेभन्दा विघटन गरेर मध्यावधि निर्वाचनको बाटो रोज्यो । वि.स.२०५१ मङ्सिर महिनामा मध्यावधि निर्वाचनमा नेकपा एमाले देशको सबैभन्दा ठूलो पार्टीका रुपमा स्थापित भयो । संसदीय संरचनाका आधारमा तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ अनुसार बहुमतको सरकार गठन हुन सक्ने अवस्था निर्वाचनको परिणामले दिएको थिएन । संविधानको धारा ४१(१) अनुसार गठबन्धन सरकार गठन गर्न राजाले दिएको समय सीमाभित्र कुनै पनि व्यक्तिले प्रधानमन्त्रीको नियुक्तिका लागि दावी प्रस्तुत गर्न सकेनन् । परिणाम त ठूलो पार्टीको संसदीय दलको नेता हुनुका नाताले मनमोहन अधिकारी प्रधानमन्त्री नियुक्त भए ।

मनमोहन अधिकारीले नौ महिनासम्म देशको प्रधानमन्त्री भएर शासन चलाउने अवसर पाए । हुनत त्यसअघिका प्रधानमन्त्रीले कुनै एउटा मन्त्रालयको जिम्मेवारी लिने परम्परा रहेकोमा त्यसलाई तोड्दै कुनै जिम्मेवारी नलिएको हुदा उनलाई कमजोर प्रधानमन्त्री पनि भन्ने गरेको पाइन्छ । जुन उनीप्रतिको गलत मूल्याङ्कन हो । उनको नेतृत्वमा गठन भएको सरकार अल्पमतको भए पनि आजसम्मको संसदीय राजनीतिको इतिहासमा सबैभन्दा लोकप्रिय रूपमा रहेको छ । त्यसरी लोकप्रिय हुनुका पछाडि केही कारणहरू अवश्य रहेका थिए जसलाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ ।

१) इतिहासमा पहिलो पटक केन्द्रबाट सिधै गाउँ पुग्ने गरी "आफ्नो गाउँ आँफै बनाउँ" कार्यक्रमअन्तर्गत बजेटको विनीयोजन भयो । जसले ग्रामीण क्षेत्रमा त्यसको सकारात्मक प्रभाव परेको थियो ।

२) मनमोहन अधिकारीको नेतृत्वको सरकार गठन हुनुभन्दा पहिले विपक्षीहरूबाट कम्युनिस्ट शासन आयो भने ६० वर्षभन्दा माथि उमेर भएकालाई वृद्धहरूलाई सरकारले गोली ठोकेर मार्छ भन्ने प्रचार गरिएकोमा त्यसलाई खण्डन गर्दै वृद्धभत्ताको व्यवस्था गरियो । कम्युनिस्ट माथि लगाउदै आएको भ्रम चिरिदै गएपछि विपक्षीहरुमाथि नैतिक सङ्कट देखा पर्न गयो । फलत सरकारले ल्याएका कार्यक्रमको विरोध भयो । त्यो विरोधको प्रभाव जनतामा नकरात्मक रुपमा परेको थियो । त्यसैले पछिल्ला दिनमा उक्त कार्यक्रमलाई कसैले हटाउन सकेनन् । मनमोहन अधिकारीले एक सयबाट सुरु गरेको वृद्धभत्ता आर्थिक वर्ष २०७२/७३ को वार्षिक बजेट वक्तव्यमा रु एक हजार पुऱ्याएको छ ।

३) मनमोहन अधिकारीले नेतृत्व गरेको सरकारको कार्यकालमा राष्ट्रियतामाथि आघात पर्ने गरी कुनै सम्झौता भएन । बरु दशकौंदेखि आलोचित भइरहेको वि.सं.२००७ सालमा भएको शान्ति तथा मैत्री सन्धिका बारेमा भारतसँग स्पष्ट आफ्ना कुरा राख्ने काम भयो । विगतका सरकारको तुलनामा देशभित्र शान्ति अमनचयन भयो । सम्भवतः शान्तिका हिसावले कुनै पनि नागरिकले ज्यान गुमाउन नपरेको सरकारी कार्यकाल त्यहीमात्र हुनु पर्दछ । त्यसैले उक्त सरकार जनताप्रति जवाफदेही र सर्वाधिक लोकप्रिय रहेको देखिन्छ ।

मनमोहन अधिकारी नेतृत्वको सरकार ढाल्न बाहिरी आवरणमा जे जस्तो तर्क र कारण देखाए पनि उनको नेतृत्वको सरकार लोकप्रिय बन्दै गएको देखिएपछि विपक्षीहरूले आफ्नो अस्तित्व सङ्कटमा पर्ने ठहर गरी संसदमा अविश्वासको प्रस्ताव दर्ता गराएका थिए । आफु गरेका कामको मूल्याङ्कन जनताले नै गर्ने छन् भन्ने उद्देश्यले मनमोहन अधिकारीले पनि संसद विघटन गर्न राजा समक्ष सिफारिस गरे जुन सिफारिसलाई राजाले कार्यान्वयन गरे । निर्वाचनमा जाँदा पराजय हुने ठानी विपक्षीहरू सर्वोच्च अदालतमा मुद्दा हाल्न पुगेका थिए । प्रधानमन्त्रीको निर्णय उल्ट्याउँदै सर्वोच्च अदालतले फैसला गऱ्यो । मनमोहन अधिकारीले संसदको सामना गरे । तर सरकार अल्पमतका आधारमा बनेको हुँदा अविश्वासको प्रस्ताव सफल हुने नै भयो । फलत मनमोहन अधिकारीले पदबाट राजीनामा गरे । अदालतले गरेको फैसला सही या गलत जे भए पनि त्यसको समीक्षा र बहसको विषय अर्कै हुनसक्छ । लोकप्रियताको शिखर उक्लदै गरेको मनमोहन अधिकारी नेतृत्वको सरकार विरुद्ध अविश्वासको प्रस्ताव ल्याउन विपक्षी दलहरू र तिनीहरूलाई साथ दिने सर्वोच्च अदालतको फैसलाबाट तत्कालीन अवस्थामा विपक्षीहरूलाई

विजय भएको अनुभूति त भयो तर त्यसले मुलुकमा पार्ने दुरगामी प्रभाव र असरका बारेमा कोही कसैलाई चासो भएन ।

मनमोहन अधिकारी नेतृत्वको अल्पमतको सरकारलाई हटाई सकेपछि सत्तामा पुग्न गर्न हुने र नहुने सबै खालका खेलहरू भए । सत्तामा पुगेपछि पनि मालदार मन्त्रालयको लोभमा आँफै सरकामा बस्ने र त्यही सरकारका विपक्षमा भोट दिने, सांसदहरू प्रलोभनमा परेर बिक्री हुनथाले । संसदमा कसैको बहुमत नभएको हुँदा खराव संस्कृति मौलाएर गयो । राजनीतिक दलहरू सांसद्हरूलाई भन्सार छुटमा प्राडो र पजरो गाडी खरिद गराउनतिर लागे । जुन नेपाली राजनीतिमा “प्राडो पजरो” संस्कृतिका नामले परिचित हुन पुग्यो । स्वयम् एमालेका सांसद्हरू पनि उक्त खराव संस्कृतिको अवलम्बन गर्नतिर लागे । व्यापारी र तस्करहरू सांसद् सुविधाका गाडीहरू किन्ने खर्च उपलब्ध गराइदिने अभियन्ता भएका कारण राजनीतिक संस्कृति र नैतिकतामा ह्रास आयो । तर व्यक्तिगत रुपमा मनमोहन अधिकारीलाई त्यस्तो खराव संस्कृतिले छोएन । तत्कालीन संसद्मा उनी मात्र एक त्यस्ता शिखर नेता देखिए जसले खराव संस्कृतिबाट बचेर नैतिकता र आदर्शको प्रतिमूर्ति भएको जनतासामु प्रमाणित गरेका थिए ।

संसद्मा अविश्वासको प्रस्ताव आएपछि पनि लोकप्रियताको धरातलमा टेकेर उनले सत्ता सहजै नसुम्पन पनि सक्दथे । उनलाई जवरजस्ती गराउँदा जनताको आक्रोश चुनौती बनेर देखापर्न सक्दथ्यो । पार्टीभित्रबाट ‘सत्ता नछोड एमाले रगत दिन तयार छौं’ भन्दै कार्यकर्ता सडकमा उत्रन खोज्दा त्यसलाई रोक्ने काम समेत गरे । उनले विधि र कानुनको सहजै पालना गरे । त्यसपछि भने मुलुकमा दुर्दिन सुरु भए । वि.सं.२०४६ सालदेखि नै दीर्घकालीन जनयुद्धको बाटोमा जान आफ्नो कार्यनीति र कार्ययोजना बनाएर तत्कालीन नेकपा (मशाल) उचित समयको पर्खाइमा बसेको थियो । वि.सं.२०४८ सालमा नेकपा (मशाल) तथा चौथो महाधिवेशन बीच भएको एकीरणपछि नेकपा एकता केन्द्र बनेको थियो । वि.सं.२०४८ सालको आमनिर्वाचनमा पार्टीलाई भूमिगत नै छाडेर संयुक्त जनमोर्चाका नाममा संसदीय व्यवस्थाकै भण्डाफोर गर्ने भन्दै संसदीय निर्वाचनमा भाग लिएको थियो । लगभग तीन वर्ष संसदमा तेस्रो ठूलो दलका रुपमा रह्यो । तर उसको लक्ष्य संसदीय निर्वाचनबाट सत्तामा पुग्नु थिएन । त्यसैले वि.सं.२०५१ सालको मध्यावधि निर्वाचनमा भाग नलिई बसेको थियो र सशस्त्र आन्दोलनका लागि उचित समयको पखाईमा थियो । त्यही समयमा कम्युनिस्ट सरकारको गठन र उसका कमजोरीहरू बाहिर नआएसम्म राज्यसत्ता विरुद्ध प्रहार गर्नु उसका लागि सजिलो थिएन । मनमोहन अधिकारीको नेतृत्वमा बनेको सरकार लोकप्रिय बन्दै गएको अवस्थामा विद्रोह थाल्दा जनताबाट सहयोग नपाउने देखेपछि उनीहरू बाहिर प्रकट नभई मौकाको ताकमा रहेका थिए । जब अनेक हतकण्डा अपनाएर मनमोहन अधिकारी नेतृत्वको सरकारलाई विस्थापित गरियो तव संसदीय व्यवस्थामा

लोकप्रियताको कुनै अर्थ रहने रहेनछ भनी जनतालाई बुझाउने अवसर मिल्यो । माओवादीले सशस्त्र आन्दोलनको सुरुवात गऱ्यो र पछिल्लो एकदशक मुलुक सशस्त्र द्वन्द्वमा फस्न पुग्यो । त्यतिमात्र होइन अर्को एकदशक पनि मुलुक संक्रमणकालमा नै गुज्रिन पुग्यो । मनमोहन अधिकारीको नेतृत्वमा गठित सरकारको विघटन गराउँदाको परिणाम विसवर्षभन्दा लामो समय नेपाली जनताले पिडाको अनुभूति गर्ने कार्यकालका रूपमा रहन गयो । ती घटनाहरूले पनि मनमोहन अधिकारीको राजनीतिक कदको उचाई बढाई रह्यो । त्यही हिङ्सात्मक द्वन्दकै समयमा संसदीय निर्वाचनको प्रचारप्रसारको अभियानमा लागेकै समयमा उनको निधन भएको थियो ।

## १०.४ व्यक्तित्वको समग्र मूल्याङ्कन

नेपालको राजनीतिक आन्दोलनमा झण्डै छ दशक विताएका मनमोहन अधिकारीको परिचय राजनीतिक व्यक्तिका रूपमा स्थापित भएको छ । त्यस क्रममा पटकपटक जेल बस्नेदेखि सरकार प्रमुख भएर काम गरेका थिए । राजनीतिक व्यक्तित्व बिचार प्रवाह गर्न सक्ने थोरैमा मात्र हुने भएको हुँदा उनी स्वयम्ले कुनै त्यस्तो बिचार दिन त सकेनन तर राजनीतिक मूल्य र मान्यतालाई व्यवहारमा उतारेर सफल भएका थिए । त्यसरी सफल हुनुमा उनमा रहेको दृढता र आत्मविश्वास नै थियो । कुनै पनि सिद्धान्त र बीचार ठिक वा वेठिक के भन्ने कुरा उसको व्यवहार, जीवनशैली र आचरणले निर्धारण गर्छ भन्ने कुरा मनमोहन अधिकारीको जीवन खुला किताव जस्तै रह्यो । उनको राजनीतिक जीवनको सकारात्मक तथा नकरात्मक दुवै पक्षको यसरी समीक्षा गर्न सकिन्छ :

### १०.४.१ सकारात्मक पक्ष :

(क) अविचलित अडान भएका अथक योद्धा : नेपालको इतिहासमा प्रजातन्त्रका लागि वि.सं.२००७ साल, र वि.सं.२०४६ साल गरी मुख्यत दुईवटा लडाई भएका थिए । वि.सं.२००७ सालको क्रान्तिले राणाशासनको अन्त्य गरेको थियो भने वि.सं.२०४६ सालको आन्दोलनले वि.सं. २०१७ सालमा राजा महेन्द्रद्वारा खोसिएको प्रजातन्त्र पुनःस्थापना गरेको थियो । यी दुवै आन्दोलनमा मनमोहन अधिकारी सक्रिय रूपले सहभागी भएका थिए । त्यतिमात्र होइन भारत छोडो आन्दोलनमा सहभागी भएदेखि उनी वामपन्थी विचार र सिद्धान्तबाट प्रभावित भएर राजनीतिमा लागेका थिए । त्यसबाट उनी कहिल्यै पनि विचलित भएनन् । उनको त्यो बीचारलाई कुनै सुखसयल, कसैको दवाव र धम्किले विचलित बनाउन सकेन । बरु दुःख, कष्ट र अप्ठ्यारो अवस्था भोग्नुपर्दासमेत उनले 'यो म आफैले रोजेको बाटो हो धैर्य र संयमताका साथ निरन्तर अगाडि बढ्नु पर्छ' भन्नेमा दृढ रहे । स्वतन्त्रता र प्रजातन्त्रप्रति मनमोहन अधिकारीले देखाएको त्याग र निष्ठाको कदर गर्दै भारत सरकारले स्वतन्त्रता

सेनानीले सम्मान गऱ्यो । लगभग छ दशकसम्म अविचलित रूपमा अनवरत एउटै विचार र पार्टीमा लागेर पुऱ्याएको योगदान स्वरुप उनलाई ऐतिहासिक योद्धाको नामले समेत चिनिन्छ ।

(ख) शिखर पुरुष : भारतमा चलेको भारत छोडो आन्दोलनमा सहभागी भएका कारण मनमोहन अधिकारी जेलमा परेका थिए । नेपालमा विराटनगरमा भएको मजदुर आन्दोलनमा नेतृत्व गर्दा जेल परेका थिए । नेपालमा कम्युनिस्ट पार्टीको स्थापना हुनुभन्दा अगाडि नै कम्युनिस्ट पार्टीको सदस्य बनेका मनमोहन अधिकारीले राणा विरोधी आन्दोलन र त्यसपछि पञ्चायती व्यवस्था विरोधी आन्दोलनमा सधैं अग्रपङ्क्तिमा उभिएर सङ्घर्ष गरे । त्यही क्रममा उनले पटक पटक गरी चौधवर्ष लामो जेल जीवन बिताए । करिव ६ दशकको नेपाली कम्युनिस्ट आन्दोलनमा मनमोहन अधिकारीले खेलेको भूमिकाको उल्लेख नगरी नेपालको राजनीतिक इतिहास पुरा हुन सक्दैन । त्यसैले उनी नेपालको राजनीतिक आन्दोलनका शिखर पुरुषका रूपमा रहेका छन् ।

(ग) शालिन व्यक्तित्व : मनमोहन अधिकारीमा जुनसुकै विषयलाई समग्रतामा हेर्ने बुझ्ने र त्यसप्रति शालिन ढङ्गले प्रस्तुत हुने स्वभाव थियो । कुनै प्रकारको आग्रह, छिचरोपना र उत्तेजना प्रदर्शन नगरी संयम र प्राज्ञिक ढङ्गले विषयवस्तुमा प्रस्तुत हुन रुचाउँथे । उत्तेजनामा नआई विषयको गाम्भीर्यतालाई बुझ्न सक्ने क्षमता रहेको थियो । जसले गर्दा उनमा शालिन र भद्र व्यक्तित्वको निर्माण भएको थियो ।

(घ) निस्वाथ र दृढ : उनले पार्टीका सिद्धान्त, कार्यदिशा र नीतिहरूलाई सही व्यवस्थित र समृद्ध बनाउन आजीवन महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । उनले आफूले राखेको मत र धारणाअनुसार केन्द्रीत गरेरमात्र पार्टी सञ्चालन होस् भन्ने खालको इच्छा, चहाना, आकाङ्क्षा प्रदर्शन गरेनन् । राजनीतिक यात्राका क्रममा एक्लोजस्तो हुँदा पनि पार्टी र लोन्त्रप्रतिको समर्पणमा कुनै कमी हुन दिएनन् र आस्थाको दियो निरन्तर बालिरहेका थिए ।

(ङ) निष्ठाको राजनीति : मनमोहन अधिकारीको जीवन खुला कितावको पाना जस्तो थियो । उनले कुनै कुरा लुकाएर र बढाइचढाई गरेर आफ्नो विशिष्ट व्यक्तित्व प्रदर्शन गर्ने भन्ने कुरा कहिल्यै सोचेनन् । निस्वार्थ रूपमा क्रियाशील रहनु उनको खास समर्पण थियो । उनको निस्वार्थता यतिसम्म झल्किन्थ्यो कि वि.सं.२०५१ सालमा प्रधानमन्त्री बन्दा उनले पदका निम्ति आफ्नो छुट्टै चाहना र दावी प्रदर्शन गरेनन् । आँफैले नेतृत्व गरेको सरकार विघटनपछि बनेको नेका, राप्रपा र सद्भावना सहितका पार्टी मिलेर बनेको सरकारलाई असफल बनाउने खेल संसदमा हुँदा मनमोहन अधिकारी मूर्त, अमुर्त, खुलेर वा गोप्य कुनै

पनि तवरले अवाञ्छित खेलमा सहभागी भएनन् । एमाले र राप्रपा मिलेर सरकार गठन गर्दा पनि उनले त्यसलाई नैतिकता र आदर्शको बाटोबाट आफ्नै पार्टीच्यूत भएको देखे र अन्तर्आत्माले कहिल्यै पनि स्विकार गरेनन् । पार्टी निर्णय मान्नु पर्ने बाध्यताले मौनताका साथ संसद्मा मतदान गर्नु पर्ने कुरा एकातिर थियो भने अर्कोतिर मौन बसेर त्यस्ता गतिविधिको विरोध गर्नु पर्ने बाध्यता रहेको देखिन्छ । त्यसैले पनि उनी विधि, निष्ठा र आर्दशको प्रतिमूर्तिका रूपमा रहे ।

(च) राष्ट्रिय हितका अनुयायी : मनमोहन अधिकारीको व्यक्तित्व राष्ट्रिय हितका निम्ति जीवनपर्यन्तको सङ्घर्षको उपलब्धि थियो । दिल्ली सम्झौताको विरोध गर्दै नेपाली जनतालाई राष्ट्रिय स्वभिमान र देशभक्तिको पक्षमा शिक्षित र जागरूक बनाउने कार्यमा सधैं सक्रिय र बडो स्पष्टताका साथ जुटिरहेका थिए । वि.सं.२००७ सालको सन्धिको विरोध सडकमा मात्र होइन समय र मौका पाउँदा भारतीय समकक्षी पी.भी.नरसिंह रावसमक्षसमेत राखेर त्यसमा पुनरावलोकन गर्ने प्रस्ताव पहिलो पटक राखेका थिए । उनमा राष्ट्रियताको सवालमा कोही पनि पक्षविपक्ष बन्नु हुँदैन भन्ने मान्यता रहेको थियो ।

(छ) सादा जीवन र धैर्यशील स्वभाव : उनको जीवनशैली सरल र सादगीपूर्ण थियो । रिक्सामा चढेर घुमफिर गर्ने, साधारण कार्यकर्तासँग बस्ने, जहाँ जे पाकेको छ त्यही खाने, आफै खाना पकाउने, भाडा माझ्ने, कपडा धुनेजस्ता अत्यन्त सादा जीवनशैली थियो । कार्यकर्तालाई भेट्न र सङ्गठन विस्तारका क्रममा जाँदा फर्कने भाडा नभएर साथीभाइसँग चन्दा उठाएर पनि हिड्ने गरेका थिए । उनमा नेताहरूले जनताले प्रश्न उठाउने तहको जीवन यापन गर्नु हुन्न भन्ने स्पष्ट मान्यता थियो । साङ्गठनिक रूपले कमजोर रहेका भए पनि उनको सादा जीवनकै कारण पञ्चायती शासक उनीसँग डराउने गरेका थिए । पटक पटकको कष्टसाध्य जेल जीवनका क्रममा होस् वा भूमिगत अवस्थामा उनको धैर्यशील स्वभावका थुप्रै दृश्टान्त पाउन सकिन्छ । त्यतिमात्र होइन राजकीय सुविधाको उपयोग गरेको स्थितिमा समेत आफ्नो निजि सुख सुविधा र हितका लागि राष्ट्रलाई बोझ बोकाउने काम गरेको देखिदैन ।

(ज) मार्क्सवाद र समाजवादको अटुट आस्था : मनमोहन अधिकारी मार्क्सवादप्रति आकर्षित भएदेखि अनवरत र अटुट रूपमा त्यसप्रति आस्थावान र क्रियाशील रहेका थिए । वि.सं.१९९९ मा भारत छोडो आन्दोलनमा जेल परेदेखि वि.सं.२०५६ सालमा काठमाडौंको गोठाटरमा पार्टीको कार्यक्रममा जनसमुदायलाई सम्बोधन गर्दासम्म उनी निरन्तर र मार्क्सवादको प्रचार र समाजवादको स्थापनाका पक्षमा सक्रिय थिए । कम्युनिस्ट पार्टीमा आएको विभाजनको लहर,

देशभित्र दमनकारी शासन व्यवस्था आदि जटिल परिस्थितिमा पनि उनी आफ्नो आस्थामा अडिग थिए ।

(झ) आर्थिक रूपमा पारदर्शी : मनमोहन अधिकारीले आफ्नो जीवनकालमा निकै आर्थिक कठिनाईहरूको समाना गर्नु पऱ्यो । पुर्खौली जायजेथा राणाशासकले खोसेपछि पिताले दुःखजेलो गरी कमाएको आयआर्जनले परिवार धानिएको थियो । आर्थिक रूपमा कमजोर भएकै कारण रोग लाग्दासमेत समयमा उचार गर्ने अवस्था थिएनन् । जुन कुरा उनले समयसमयमा सार्वजनीक गरेका सम्पति विवरणबाट पनि स्पष्ट हुन्छ । खस्कँदो उमेर, रातदिनको मिहीनेत, नैतिकवान चरित्र, आर्थिक कमजोरी आदिले गर्दा उनको रोगी शरीर झन्झन् शिथिल हुँदै गएको थियो । तथापि उनको स्वास्थ्य, मानसिकता र राष्ट्रप्रतिको प्रेममा कुनै कमी आएको थिएन । त्यसलाई रोक्न पनि सकेका थिएनन् । दृढ इच्छा शक्तिका अगाडि धनसम्पतिका हिसावले कमजोर रहेका सबै विषयबस्तु उनका लागि फिक्का बन्दै गएका थिए । मुलुकको कार्यकारणी प्रमुख भएर काम गर्दा भ्रष्टाचारको कुनै गन्ध देखिएन ।

(ञ) इतिहासकै लोकप्रिय प्रधानमन्त्री : मनमोहन अधिकारी आधुनिक नेपालका तमाम प्रधानमन्त्रीहरूमध्ये सबैभन्दा लोकप्रिय र सम्मानित रूपमा रहेका छन् । हुन पनि आफूलाई ठूलो मान्छे बनाउन कहिल्यै कोशिस गरेनन् । बरु 'एक जना असल व्यक्तिका रूपमा सम्झिदिए पुग्छ' भन्ने हिसावले काम गरेका थिए । छोटो समय देशमा शासनको नेतृत्व गर्न पाउँदा वृद्धवृद्धालाई भत्ता, गाउँका जनलाई 'आफ्नो गाउँ आफै बनाउँ' भन्दै सोझै बजेट गाउँमा पठाउने, अपाङ्ग, दलित पिछडीएका जाति आदिलाई राज्यको मूलधारमा ल्याउने गरी भएको नीतिगत निर्णय र तिनलाई कार्यान्यवन गरेका थिए । त्यसैको परिणाम स्वरुप लोकप्रियताको शिखर चुमेका थिए । जुन कुरालाई आजसम्म पनि कसैले चुनौति दिन सकेका छैनन । मानिस कुराले होइन काम र व्यवहारबाट आदर्श बन्न सक्छन् भन्ने कुरा आफ्नो जीवनमा काम गरेर देखाई दिएका थिए ।

(ट) अन्य विशिष्ठताहरू : मनमोहन अधिकारीमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिको विश्लेषण गर्ने क्षमता रहेको थियो । उनमा रहेको ऐतिहासिक व्यक्तित्वलाई उनको पार्टीकाले मात्र होइन अन्य दलका नेता कार्यकर्ताले पनि सम्मानका साथ हेर्ने गर्दथे । उनको चिन्ता देश विकास गरी गरिबीमा रहेका जनताको जीवनशैली बदल्ने कुरामा थियो । उनी बालक, युवक, वृद्ध सबैलाई राज्यले त्यहीअनुसार सम्मान गर्नुपर्छ भन्नेमा थिए । स्वयम्मा सबै उमेर समूहका र वर्गका मानिसहरूसँग मिलेर बस्न सक्ने गुण रहेको थियो ।

### १०.४.२ नकारात्मक पक्ष

(क) सैद्धान्तिक तथा वैचारिक पाटोमा कमजोर : भन्ने गरिन्छ राजनीति नीतिमा चल्छ, नेतामा आधारित भएर होइन । मनमोहन अधिकारीले आफ्नो छ दशक लामो जीवनमा हुने अविस्मरणीय सैद्धान्तिक एवम् दार्शनीक छाप छाडेर जान सकेनन् । विचारको क्षेत्रमा कहिले राजा परस्त जस्तो देखिने तर त्यसलाई खण्डन नगर्नुले उनी उक्त आरोपबाट मुक्त हुन सकेनन् । सैद्धान्तिक तथा वैचारिक दृष्टिकोणलाई दस्तावेजीय सङ्ग्रहका रूपमा सुरक्षित राखिदिएका भए शायद उनी उक्त ओरोपबाट आलोचित भइ रहनु पर्ने थिएन । सैद्धान्तिक तथा दार्शनिक विचार प्रवाह गर्ने वैचारिक नेताको रूपमा स्थापित हुन नसक्नु उनको कमजोरी थियो ।

(ख) साङ्गठनिक जीवनमा कमजोर : मनमोहन अधिकारीको छ दशक लामो राजनीतिक जीवन निरन्तर र अथक देखिए पनि उनको साङ्गठानिक जीवन कमजोर रहेको देखिन्छ । नेकपाको प्रथम महाधिवेशनबाट पहिलो निर्वाचित महासचिव चुनिएपछि उनले सङ्गठनमा पकड राख्ने र सङ्गठन विस्तार गर्ने काममा जति भूमिका खेल्नु सक्थे त्यति खेलेको देखिदैन । त्यसपछिको दिनमा पनि सोहीअनुसारको गतिविधि गरेको देखिन्छ । फलतः उनको नेतृत्वमा न बलियो पार्टी सङ्गठन बन्यो न उनका असङ्ख्य प्रशंशसकहरू नै बने । यही कमजोर साङ्गठानिक जीवनका कारण शीखर पुरुष भए तापनि अधिकार सम्पन्न शक्तिशाली नेताको रूपमा रहन सकेनन् ।

(ग) निर्णय क्षमताको अभाव : उनको अर्को कमजोरी यो पनि थियो कि उनी ऐनमौकामा स्पष्ट निर्णय दिन सक्दैनथे । सकेसम्म विवादमा नपरि उम्कन खोज्ने हुँदा कतिपय सवालमा उनको निर्णय क्षमतामा कमजोर हुन गएको अवस्था पनि रहेको थियो । त्यसैले जेलबाट निस्कंदा दिएको व्यक्तव्यपछि कम्युनिस्ट पार्टीका कतिपय नेताहरूले उनलाई दरवारीया देखे भने दरवारियाहरूले उनलाई जहिले पनि क्रान्तिकारी (कम्युनिस्ट) देखिरहेका थिए । समय र कालखण्डमा ठोस विश्लेषण गरी निर्णय लिएर काम गर्न नसक्नु उनको राजनीतिक जीवनको कमजोर पक्ष थियो ।

यी माथि उल्लेख गरिएका सकारात्मक तथा नकारात्मक पक्षलाई हेर्दा मनमोहन अधिकारी सिद्धान्तवादी, निरन्तर आफ्नो उद्देश्यमा लागि रहने, कम्युनिस्ट पार्टीको नेता भइकन पनि प्रजातन्त्रका लागि लडिरहने अथक योद्धा, राष्ट्र र रष्ट्रियताका अनुयायी तथा जनताका पक्षधर नेताका रूपमा रहेका छन् । उनी कम्युनिस्ट पार्टीको शासन सत्ताका लागि भन्दा पनि प्रजातन्त्रकै लागि लडेको उनको छ दशकलामो राजनीतिक घटनाक्रमबाट स्पष्ट हुन्छ । नेकपा एमालेले

अङ्गीकार गरेको जनताको बहुदलीय जनवाद निर्माणमा परोक्ष वा प्रत्यक्ष रुपमा मनमोहन अधिकारीको चिन्तनले पनि भूमिका खेलेको पाइन्छ । संसारमा कम्युनिस्टहरू शक्तिहिन बन्दै गएको अवस्थामा नेपालमा जनताबाट निर्वाचित भएर पटकपटक सत्तामा पुग्नमा मनमोहन अधिकारीको त्याग र चिन्तनले काम गरेको देखिन्छ । उनमा रहेको समर्पण, त्याग, निष्ठा, आदर्श र राजनीतिक निरन्तरताका कारण उनलाई राजनीतिमा शिखर व्यक्तित्वको रुपमा स्थापित गऱ्यो । उनले आजको पुस्तालाई तिनै समर्पण, त्याग, निष्ठा, आदर्श र नैतिकता राजनीतिक शिक्षाका रुपमा छाडेर गएका छन् । जसको सान्दर्भिकतालाई आजका युवाशक्तिले बुझ्न सके राजनीतिक सफलताको पाटो बन्ने छ ।

मनमोहन अधिकारीले नेपालको राजनीतिक आन्दोलनमा पुऱ्याएको योगदानलाई उनमा रहेका केही कमजोरीले उछिन्न सक्दैन । उनको योगदानको पक्ष नै प्रवल र महत्वपूर्ण हो तर विगतमा नेपाली कम्युनिस्ट आन्दोलनका कतिपय समुह तथा नेताहरूबाट उनको सही मूल्याङ्कन हुन सकेको पाइदैन । उनको एकतर्फी मूल्याङ्कन गरेर विरोध गर्ने काम नै बढी भएको पाइन्छ । यसो गर्नु उनीप्रतिको अन्याय हो । विगतदेखि वर्तमानसम्म आइपुग्दा कम्युनिस्ट पार्टीहरू कुन नीति र सिद्धान्तबाट चलिरहेका छन् । पटकपटक सरकारको नेतृत्व गर्ने अवसर कसरी प्राप्त भएको छ ? त्यसको समेत समग्रमा अध्ययन गरी वस्तुनिस्ट तरिकाले मूल्याङ्कन हुन आवश्यक देखिन्छ ।